# विराटनगर महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ

## (सहकारी शाखा)

विराटनगर महानगरपालिका कार्यक्षेत्र भएका सहकारी संस्थाहरुलाई साधारणसभा सम्पन्न गरी प्रतिवेदन पेश गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना !

सहकारी ऐन, २०७४ को दफा ३९(२) तथा विराटनगर महानगरपालिकाको सहकारी ऐन, (दोश्रो संशोधन, २०८०) को दफा २८ (२) बमोजिम विराटनगर महानगरपालिकाको नियमन क्षेत्राधिकारभित्र पर्ने सम्पूर्ण सहकारी संस्थाहरुले आगामी २०८१ पौष मसान्तभित्र साधारणसभा सम्पन्न गरी साधारणसभा सम्पन्न भएको मितिले १५ दिनभित्र साधारणसभाबाट पारित प्रतिवेदन विराटनगर महानगरपालिकाको सहकारी शाखामा बुझाउन हुन अनुरोध गरिन्छ। साथै साधारणसभा संचालन गर्दा सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) निर्देशिका, २०७६ तथा देहायका विषयलाई आधार लिनु हुन अनुरोध छ।

१. सहकारी संस्थामा सदस्य बनाएर मात्र कारोबार गर्ने र सबै सदस्यलाई साधारणसभामा उपस्थितिको लागि आव्हान गर्ने,
२. साधारणसभामा कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित नभए गणपुरक संख्या नपुग्ने हुँदा गणपुरक संख्या पुऱ्याएर मात्र साधारणसभा संचालन गर्ने,
३. साधारणसभामा सदस्यहरुको भूमिकालाई अझ सक्रिय बनाउन उद्घाटन सत्रलाई तथा मन्तव्यको कार्यक्रम नराखी सोझै एजेण्डा उपर छलफल गराएर मात्र पारित गर्ने,
४. लेखापरीक्षण प्रतिवेदन, संचालक समिति तथा लेखा समितिको प्रतिवेदन एवम् पेश हुने अन्य सबै प्रतिवेदन तथा विषय उपर पर्याप्त छलफल गराएर मात्र पारित गर्ने,
५. संचालक समिति तथा लेखा समितिको निर्वाचन हुने भए प्रचलित कानून, मापदण्ड एवम् विनियम बमोजिमको योग्यता पुगेका सदस्यहरु मध्येबाट निर्वाचित गर्ने,
६. साधारणसभाबाट चालु आर्थिक वर्षको संस्थाको हिसाब किताबको लेखापरीक्षण गर्न एकजना लेखापरीक्षक र आवश्यकतानुसार वैकल्पिक लेखापरीक्षकको नियुक्तिको निर्णय गर्ने र निजको पारिश्रमिक तोक्ने,
७. संस्थाको विनियम संशोधन, कार्यविधि, नियमावली, नीति साधारणसभाबाट पारित गर्ने,
८. संस्थाको चालु आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम साधारणसभाबाटै अनुमोदन गर्ने,
९. साधारणसभाको प्रतिवेदनमा तपसिल बमोजिमका कागजातहरु समावेश गर्ने।

<u>तपसिल</u>

क) शेयर सदस्यहरुको उपस्थितिको तल तालिकामा उल्लेख भए बमोजिमको प्रमाणित विवरणः

| क्र.सं. | शेयर सदस्यता नं | कुल शेयर संख्या | नाम, थर | स्थायी ठेगाना | सम्पर्क नं. | नागरिकता नं./जारी स्थान | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

ख) साधारणसभाको निर्णयको प्रमाणित प्रतिलिपी (अध्यक्ष वा सचिवबाट संस्थाको छाप समेत लगाई),

ग) संचालक समितिका सबै र संचालक समितिका सदस्यभन्दा १ जना बढी शेयर सदस्यले निर्णय प्रमाणित गरेको हुनुपर्ने (जस्तै संचालक ७ जना भए शेयर सदस्य थप ८ जना गरी १५ जना),

घ) आ.व. २०८०/०८१ सम्मको कर चुक्ता गरेको व्यवसाय दर्ताको प्रमाण-पत्रको प्रतिलिपी (वि.म.न.पा. वडा कार्यालयबाट),

ङ) लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी, (लेखा परीक्षण गर्दा सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ को अनिवार्य पालना गरेको हनुपर्नेछ।)

च) कर चुक्ता (आ.व. २०८०/०८१ आन्तरिक राजस्व कार्यालयको) प्रमाण-पत्रको प्रतिलिपी,

छ) सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशन, २०७४ (पहिलो संशोधन समेत) मा भएका सबै व्यवस्थाहरु अनिवार्य पालना गरेको विवरण,

ज) COPOMIS प्रणालीमा सहकारी संस्थाको समष्टिगत विवरण र मासिक विवरण अनिवार्य प्रविष्टि गर्ने,

झ) सहकारी संस्थामा नयाँ संचालक समिति गठन भएको भए नवनिर्वाचित संचालक समितका पदाधिकारीहरु र लेखा समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपी (यदि विराटनगर महानगरपालिकाभित्र अस्थायी बसोबास गरेको भए वडा कार्यालयबाट अस्थायी बसोबास सिफारिस समेत) र तिनपुस्ते विवरण तल तालिकामा उल्लेख भए बमोजिमको ढाँचा अनुसार हुनुपर्ने,

| सि नं | बाजेको नाम, थर | बाबुको नाम, थर | पति/पत्नीको नाम, थर | संचालकको नाम, थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने अवधि | औंठा छाप | फोटो र फोटोमा पर्ने गरी सही छाप | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

ञ) <u>सहकारी संस्थाको तल तालिकामा उल्लेख भए बमोजिमको यथार्थ विवरण:</u>

| सि. नं. | नाम ठेगाना | दर्ता नंर मिति | किसिम | मुख्य कारोबार | संचालक समिति संख्या | सदस्य संख्या | | | पछिल्लो आ.व. को वित्तीय विवरण | | | | प्रत्यक्ष रोजगारी | कोपोमिसमा आवद्ध भए/नभएको | पछिल्लो आ.व. मा साधारणसभा/ले.प. प्रतिवेदन पेश गरे/नगरेको | सम्पत्ति शुद्धीकरण कार्यान्वयनका लागि कार्यान्वयन अधिकारी तोके/नतोकेको | संस्थाको सम्पर्क नम्बर | व्यवस्थापकको सम्पर्क नम्बर | इमेल ठेगाना |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म | पु | जम्मा | शेयर पुँजी | बचत | ऋण लगानी | कुल सम्पत्ती | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

पुनश्चः कुनै सहकारी संस्थाले विगत २ वर्षसम्म कुनै कारोबार नगरी संस्था निष्कृय रहेको पाइएमा विराटनगर महानगरपालिकाको सहकारी ऐन, २०७५ (दोश्रो संशोधन, २०८०) को दफा ६७ बमोजिम विघटन र दर्ता खारेजीको प्रकृया अगाडि बढाइनेछ।

(नोटः यस विषयमा थप जानकारी चाहिएमा विराटनगर महानगरपालिकाको सहकारी शाखाको सम्पर्क नं. ९८६०१५३९९८ मा सम्पर्क गर्नु हुन अनुरोध छ।)